# गोरखापत्र संस्थान

धर्मपथ, काठमाडौं

## विगत ६ महिनामा सम्पादित कार्य विवरणको संक्षिप्त जानकारी

गोरखापत्र संस्थानका महाप्रबन्धक तथा संस्थान प्रमुख लालबहादुर ऐरीको नेतृत्वमा गोरखापत्र संस्थानबाट मिति २०८२।६।१२ देखि २०८२।१२।१२ सम्म सम्पादित मुख्य मुख्य कार्यहरुको विवरण सूचनाको हकसम्बन्धी ऐन, २०६४ को व्यवस्था अनुसार सम्बन्धित सबैको जानकारीका लागि उल्लेख गरिएको छ ।

| क्र. सं. | सम्पन्न कार्य | सन्दर्भ/औचित्य | उपलब्धि/नतिजा |
|---|---|---|---|
| १ | संस्थानमा पहिलो पटक **संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) स्वीकृत** तथा लागु | **O&M** बिना संस्थानको संगठनात्मक स्वरुप तथा आधार नै बन्न नसकेको अवस्था । संस्थागत आकार निर्माणका लागि **O&M** जरुरी । | ○ नीतिगत रुपमा संस्थानको संगठनात्मक स्वरुप निर्माण ।<br>○ जनशक्ति तथा दरबन्दी व्यवस्थापन ।<br>○ साबिक दरबन्दी संख्या ५४७ मध्येबाट कटौती गरी ४४२ कायम । यसबाट संस्थानको आर्थिक भार कम ।<br>○ पदपूर्तिका लागि आधार तयार गरिएको ।<br>○ भविष्यको संगठन, तथा दरबन्दी र संरचनागत स्वरुपको आधार तयार भएको। |
| २ | **आठ वर्षपछि पदपूर्ति तथा बढुवा** | संस्थानमा लामो समयदेखि पदपूर्ति तथा बढुवा नहुँदा दैनिक कार्यसम्पादन प्रभावित । संस्थानमा तहगत जिम्मेवारी कायम गर्न नसकिएको । नयाँ जनशक्ति भित्रिन सकेको थिएन । | ○ २८० दरबन्दीमा पदपूर्ति तथा बढुवा ।<br>○ कर्मचारीमा हौसला, उत्प्रेरणा प्रवाह ।<br>○ नयाँ जनशक्तिलाई रोजगारीको अवसर ।<br>○ संस्थान गतिशिल । |

| | | | |
|---|---|---|---|
| ३ | **सामाजिक सुरक्षा कोषमा आबद्धता** | योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ कार्यान्वयन नभएको ।<br>नेपाल सरकारको सामाजिक सुरक्षा सम्बन्धी नीति सरकारी संस्थानमै लागु नभएको अवस्था । | ○ संस्थानका करार, ज्यालादारीका कर्मचारी तथा पत्रकार गरी १७८ जना योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध ।<br>○ कर्मचारीमा उत्प्रेरणा तथा पेसागत सुरक्षाको प्रत्याभूति । |
| ४ | **श्रमजीवी पत्रकार ऐन लागु** | संस्थानमा श्रमजीवी पत्रकार ऐन लागु नहुँदा सरकारी सञ्चार संस्थामै कानुन कार्यान्वयन नभएको अवस्था हटाउन जरुरी । | ○ श्रमजीवी पत्रकार ऐनले तोके अनुसार पत्रकारको आधारभूत तलबमान कायम ।<br>○ करार तथा ज्यालादारीका कर्मचारीको पनि आधारभूत तलबमान कायम गरिएको । |
| ५ | **गोरखापत्र एकेडेमी स्थापना** | संस्थागत क्षमता विकासका लागि जनशक्तिको दक्षता अभिवृद्धि अपरिहार्य । पत्रकारिता क्षेत्रको गुणस्तर विकास एवं यससम्बन्धी अध्ययन अनुसन्धानका लागि मुलुकमै यस्तो संरचना आवश्यक । | ○ अनुसन्धान, विकास एवं नवप्रवर्तनका लागि संस्थागत संरचना स्थापित ।<br>○ तालिम, अनुसन्धान तथा प्रशिक्षणमार्फत जनशक्तिको क्षमता विकास ।<br>○ आम्दानीको वैकल्पिक स्रोतको विकास ।<br>○ फेलोसिप प्रदानका लागि सूचना प्रकाशित । |
| ६ | **सार्वजनिक मुद्दामा नीतिगत बहस (गोरखापत्र डिस्कोर्स)** | सार्वजनिक आवश्यकता र प्राथमिकताका विषयमा नीतिगत बहसको नवीन शरूवात । राज्यको नीतिनिर्माणमा मिडियाको भूमिका स्थापित । बहसले संस्थानका प्रकाशनको प्रवर्धनमा टेवा । | ○ २०८२ पुस ३ मा गोरखापत्र **Discourse on Recovery and Resilience** राष्ट्रिय संवाद सम्पन्न । यसबाट सरकार र निजी क्षेत्रबीच संवादको वातावरण सिर्जना भई आशाको सञ्चार ।<br>○ संस्थानलाई आम्दानीको श्रोतको विविधिकरण ।<br>○ संस्थानको सामाजिक आयामको नयाँ दृष्टकोण निर्माण वृद्धि ।<br>○ प्रकाशन प्रवर्धनमा योगदान ।<br>○ संस्थानको जनसम्पर्क विस्तार ।<br>○ रचनात्मक पत्रकारिताको सुरुवात । |
| ७ | **कर्मचारी कल्याणकारी कोष** | लामो समयदेखि कोष सञ्चालन हुन नसकेको । अन्योलको अवस्था विद्यमान । | ○ गोरखापत्र संस्थान कर्मचारी कल्याण कोष सञ्चालन तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०८२ लागु । |

गोरखापत्र संस्थान २०२०

| | | | |
|---|---|---|---|
| | | | ○ कोष सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि निर्माण ।<br>○ लामो समयको अन्यौल्ता अन्त्य ।<br>○ सेवानिवृत्त कमर्चारीको योगदान रकम फिर्ता, कार्यरतका हकमा कोषको निरन्तरता । |
| ८ | **दी राइजिङ नेपाल रंगीन** | दी राइजिङ नेपालका सबै पृष्ठ रंगीन | पत्रिकाको साजसज्जा र गुणस्तरमा वृद्धि |
| ९ | **AI प्रयोगसम्बन्धी नीति** | बदलिएको प्रविधि संस्थानका प्रकाशनमा लागु गर्नुपर्ने । | ○ AI को प्रयोगको नीतिगत व्यवस्था।<br>○ AI को व्यवस्थित प्रयोगको अभ्यास सुरु |
| १० | **गिद्दे प्रेस संस्थानमा फिर्ता** | गोरखापत्रका प्रकाशन र नेपालको मुद्रण इतिहाससँग जोडिएको प्रेसको संरक्षण । | ○ इतिहासको जगेर्ना तथा भावी पुस्तामा ज्ञान हस्तान्तरण ।<br>○ म्युजियम सञ्चालनको पूर्वाधार तयारीको थालनी । |
| ११ | **एकीकृत समाचार संकलन तथा सम्पादन** | सम्पादकीय संरचनाको कार्यसम्पादनमा मितव्ययिता र एकरुपता । | ○ संस्थानको समाचार सम्प्रेषण व्यवस्थित, प्रभावकारी ।<br>○ सम्पादकीय व्यवस्थापनमा दीर्घकालीन योगदान । |
| १२ | **Social Media Community मा समाचार तथा लोकसेवा सामग्री** | बदलिएको प्रविधि र सामग्री प्रवाहको माध्यम पच्छ्याउन जरुरी | ○ Whats ap, Viber, Messenger मा समाचार सामग्री वितरण ।<br>○ समाचार सामग्रीको अत्याधुनिक पहुँच विस्तार ।<br>○ लोकसेवा तयारीसम्बन्धी विषयवस्तु अडियो भिजुअल माध्यमबाट प्रस्तुत गरी Social Media Community सम्प्रेषण सुरुवात ।<br>○ लोकसेवा तयारीमा रहेको नयाँ पुस्तालाई संस्थानसँग जोड्ने प्रयास । |
| १३ | **संस्थानलाई समुदायसँग जोड्ने अभियान** | समुदायमा आधारित कार्यक्रम गरेर संस्थानका प्रकाशनको प्रवर्धन । | ○ मंसिर ५ र ६ गते दोलखाको, शैलुङ गाउँपालिकामा रहेको शैलुङ पर्वतमा 'पर्यटनका |

| | | | |
|---|---|---|---|
| | | | लागि साहित्य' उद्घोषका साथ गोरखापत्र साहित्य सम्मेलन सम्पन्न ।<br>○ समावेशी प्रकाशन अन्तर्गत २०८२।८।१६ मा कुलुङ भाषा थप गरी सम्बन्धित समुदाय मै प्रकाशन शुभारम्भ ।<br>○ मधुपर्क सुदूरपश्चिम विशेष अंक प्रकाशन तथा सम्बन्धित समुदायमै विमोचन (धनगढीमा विमोचन) । |
| १४ | **प्रकाशकीय प्राथमिकतामा रुपान्तरण,**<br>**प्रकाशन सामग्रीमा नागरिक फस्ट** | राज्यको सञ्चारगृह बनाउन तदनुसार नै सामग्रीमा प्राथमिकीकरण । | ○ प्रकाशन सामग्रीमा नागरिक आवाज/मुद्दा पहिलोको नीति<br>○ लेआउट डिजाइन परिष्करण र चित्रांकनको सक्रिय अभ्यास ।<br>○ स्पष्ट सम्पादकीय नीति ।<br>○ सम्पादकीय स्वतन्त्रताको अधिकतम अभ्यास |
| १५ | **व्यापार**, आम्दानी र मुनाफा | | |

वविता कार्की
सूचना अधिकारी

गोरखापत्र संस्थान २०१०

२०८२/१२/१२
ताराबहादुर बस्याल
प्रवक्ता